केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन ४४११४०७
फ्याक्स ४४१४५५२
email: bkpromot@htp.com.np
website: www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/ २२/०६३/६४ मिति : २०६३/११/१५

**सबैं इजाजतपत्र प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु**

**विषय : बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई ऋण नतिर्ने ऋणीहरुलाई कारवाही गर्ने सम्बन्धमा ।**

महाशय,

नेपाल सरकार (मन्त्रीस्तरीय) को मिति २०६३।१०।२९ को निर्णयानुसार रु. ५ करोडभन्दा बढी सावाँ रकम ऋण लिई यसै पत्र साथ संलग्न तीन पुस्ते नाम र ठेगाना सहितको सूचीमा उल्लेखित ऋणी तथा ऋणसंग सम्बन्धित व्यक्तिहरुलाई देहाय बमोजिमको कारवाही गरिएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

(क) निजहरुको नाममा जारी भएको राहदानी जफत गर्ने र नयाँ जारी गर्न रोक लगाउने ।
(ख) निजहरुलाई कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा हुने कुनै पनि कम्पनीको सञ्चालक हुन रोक लगाउने ।
(ग) निजहरुको स्वामित्वमा रहेको कुनै पनि चल/अचल सम्पत्ति रोक्का राख्ने ।
(घ) निजहरुबाट सरकारी सुरक्षणपत्रहरुमा भएको लगानी जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने ।

नेपाल सरकारको निर्देशानुसार प्रस्तुत सूचीमा परेका ऋणीहरुलाई गरिएको कारवाहीको जानकारी गराउने व्यवस्था गर्न तथा कारवाहीमा परेका ऋणीले ऋण भुक्तान वा पुनसंरचना र पुनतालिकीकरण गरेमा सम्बन्धित बैंकले सम्बन्धित ऋणीलाई साविकमा गरेको कारवाही फिर्ता गर्न तुरुन्त पहल गर्न समेत सम्बन्धित बैंकहरुलाई जानकारी गराइ सकिएको छ ।

साथै, नेपाल सरकार अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखाको प.सं. २०६३/६४ च.नं.६५१ मिति २०६३।११।११ को पत्रबाट नेपाल सरकार (मं.प.) को निर्णयानुसार कारवाहीमा परेका संलग्न सूची अनुसारका ऋणी र ऋणीसंग सम्बन्धित व्यक्तिहरुको स्वामित्वमा रहेको कूनै पनि चल सम्पत्ति रोक्का राख्न आवश्यक व्यवस्थाको लागि अनुरोध भै आएको हुँदा सवै इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुबाट देहाय अनुसार गर्नु हुन अनुरोध गर्दछु ।

(क) ऋणी र ऋणीसंग सम्बन्धित व्यक्तिहरुलाई सबै किसिमका निक्षेप (स्वदेशी तथा विदेशी) को भुक्तानीमा रोक लगाउने ।

(ख) ऋणी र ऋणीसंग सम्बन्धित व्यक्तिहरुलाई प्रदान गरिएको लकर सुविधा अनुसार लकरमा राखिएका सबै संपत्ति रोक्का राख्ने ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
निर्देशक

बोधार्थः
श्रीमान् डेपुटी गभर्नरज्यू, नेपाल राष्ट्र बैंक ।
नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
श्री नेपाल बैंकर्श संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार विजनेस कम्प्लेक्स, काठमाण्डौ ।
श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, ववरमहल, काठमाण्डौ ।